मिति २०७७ साल कार्तिक ३ गते सोमबारका दिन बिहान ८:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको आकस्मिक बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

निर्णय नं. १ :

यस नगरपालिकाको चालु आ.ब.,आन्तरिक आयको ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरिएकोमा मिति २०७७ साल कार्तिक ३ गते दिउसो २ बजे खोलिने हुदा कुनै पनि वोलपत्रदाताले बोलपत्र पेश नगरेको खण्डमा मिति २०७७ साल कार्तिक १५ सम्म दैनिक रु ७०००० का दरले नगरपालिकामा शुल्क बुझाउने गरी हाल संझौता गरी शुल्क उठाउने कार्य गरिरहेको विष्णु ब्लकउद्योग लाई स्थानीय उत्पादन शुल्क उठाउने कार्यको जिम्मेवारी प्रदानगर्ने,यद्यपि आउदै गरेको विजयादशमीको अवसर मिति २०७७ कार्तिक ७ गतेदेखि ११ गतेसम्म ५ दिन सार्वजनिक विदाको दिन परेको हुदा उक्त ५ दिनको विदाअवधिको को लागि हुन आउने शुल्क छुट गर्ने ।

निर्णय नं. २ :

शुक्लागण्डकी नगरपालिकाभित्र संचालनहुने स्थानीय यातायातलाई नियमन तथा व्यवस्थापन गर्ने गरी नगर यातायात गुरुयोजनाको खाका तयार गरी नगरकार्यपालिका बैठकमा पेश गर्ने गरी देहायको कार्यदल गठन गर्ने :

| | |
|---|---|
| क) शिवकुमार श्रेष्ठ,वडाअध्यक्ष वडा नं. ४, | संयोजक |
| ख) रविचन्द्र पौडेल,वडा अध्यक्ष वडा नं १, | सदस्य |
| ग)रामकुमार श्रेष्ठ,वडा अध्यक्ष, वडा नं. ३ | सदस्य |
| घ) श्री रामचन्द्र भण्डारी,वडा नं. ४ | सदस्य |
| ङ) श्री गिता महत,कार्यपालिका सदस्य | सदस्य |
| च) श्री तारापति भट्टराई,ईन्जिनियर | सदस्य |
| च) श्री लक्ष्मण लम्साल | सदस्य सचिव |

निर्णय नं. ३ :

दुलेगौडा हर्कपुर मोटरमार्ग निर्माणका लागि ठेक्काकार्य गर्दै आएको शंकरमणि निर्माण सेवाप्रा.लि ले ठेक्काको लागि आवश्यक सबवेस, बेस तथा गिटी उत्खनन गरी उक्तमोटर मार्गको निर्माणका लागि प्रयोग गर्न यस नगरपालिकासँग कर तथा दस्तुर बुझाई लैजान ईच्छुक भै निवेदन पेश गरेको ले आवश्यक प्रक्रिया अघि बढाउने ।

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ४ :

शुक्लागण्डकी नगरपालिका वडा नं. १ प्रबेशद्वार तालखोलामा सेरावेसी टोलविकास संस्थाले ५०० एमएम का चार वटा ह्युम पाईप खरिद गरी दैनिक आवातजावात सहज बनाएको हुदा उक्त कार्यवापतको रु १३५४४१।८० अक्षरुपी एक लाख पैतीस हजार चार सय एकचालिस रुपिया असी पैसा) पूर्वाधार विकासतर्फको फुटकर योजना वडाभर शिर्षकबाट खर्च लेख्ने गरी भुक्तान गर्ने ।

निर्णय नं. ५ :

शु.न.पा वडा नं. १२ को कच्ची सडकमा चोक्कर विच्छ्याउने कार्यका लागि श्री विष्णु वाराही ब्लक उद्योगबाट पठाईएको चोक्करको मुल्यवरावरको रु ३० हजार पूर्वाधार विकासतर्फको फुटकर योजना वडाभर शिर्षकबाट खर्च लेख्ने गरी भुक्तान गर्ने ।

निर्णय नं. ६ :

शुक्लागण्डकी नगरपालिका वडा नं. ८ स्थित लत्रेपिपल बुद्धटोलमा अविरल वर्षाको कारण सडकमा क्षति भई आवातजावातमा कठिनाई भएको हुदा ३ वटा ह्युम पाईप तथा आवश्यक ग्यावीन जाली भर्दा लागेको खर्चमध्ये रु ९५००० पूर्वाधार विकासतर्फको फुटकर योजना वडाभर शिर्षकबाट खर्च लेख्ने गरी भुक्तान गर्ने ।

निर्णय नं. ७:

शु.न.पा वडा नं. १ निवासी रामजीप्रसाद वि.क. को घरमा मिति २०७७ असोज १० गते चट्याङ परेको हुदा नगरपालिकाबाट राहतस्वरुप रु १५०००।– प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी राहत रकम उपलब्ध गराउने ।

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ८ :

शुक्लागण्डकी नगरपालिका, नगर वातावरण संरक्षण ऐन, २०७७ बमोजिम शुक्लागण्डकी नगरपालिका क्षेत्र भित्र रहेका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा लगायत) उत्खनन तथा संकलनका लागि शुक्लागण्डकी नगरपालिका, नगर वातावरण संरक्षण ऐन, २०७७ को दफा ५ अनुसार स्वीकृत कार्यसूची समेतका आधारमा परामर्शदाता संस्था बन्दिपुर कन्सलटेन्सी प्रा.लि. बाट तयार गरि वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण एवं व्यवस्थापन सम्बन्धमा गठीत सिफारिस समितिको सिफारिस अनुसार तपसील बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने :

खण्ड : क

| सि.नं. | ठेगाना/नदी | अवस्थिति | | | जम्मा परिमाण (घ.मि.) | बार्षिक उत्खनन परिमाण (७०%) (घ.मि.) | नदिजन्य पदार्थको किसिम |
|---|---|---|---|---|---|---|---|
| | | घाट/नदि किनारा | तल्लो बिन्दु | माथिल्लो बिन्दु | | | |
| १ | शुक्लागण्डकी २ | हलेदीघाट | 28° 4'20.73"N 84° 4'4.40"E | 28° 4'27.82"N 84° 4'5.47"E | १०३६८ | ७२६० | ढुंगा, ग्रावेल, बालुवा |
| २ | शुक्लागण्डकी ९ | तालबेशीघाट /दायाँ | 28° 4'0.27"N 84° 4'0.79"E | 28° 4'3.35"N 84° 4'3.84"E | १०३२७ | ७२३० | ढुंगा, ग्रावेल, बालुवा |
| ३ | शुक्लागण्डकी २ | सखारेघाट /बायाँ | 28° 3'47.52"N 84° 3'53.78"E | 28° 3'57.27"N 84° 3'57.75"E | ३३८५५ | २३७०० | ढुंगा, ग्रावेल, बालुवा |
| ४ | शुक्लागण्डकी ९ | सुरौदीघाट/ दाँया किनारा | 28° 3'34.12"N 84° 4'6.74"E | 28° 3'41.91"N 84° 3'56.98"E | २८१५२ | १९७०५ | साना ढुंगा, ग्रावेल, बालुवा |
| ५ | शुक्लागण्डकी ८ | किमलडाँडा माथिल्लो/दाँया | 28° 2'2.99"N 84° 4'34.73"E | 28° 2'15.39"N 84° 4'34.59"E | ३२११६.५ | २२४८० | ढुंगा, ग्रावेल, बालुवा |

खण्ड : ख

| सि.नं. | ठेगाना/नदी | अवस्थिति | | | जम्मा परिमाण (घ.मि.) | बार्षिक उत्खनन परिमाण (७०%) (घ.मि.) | नदिजन्य पदार्थको किसिम |
|---|---|---|---|---|---|---|---|
| | | घाट/नदि किनारा | तल्लो बिन्दु | माथिल्लो बिन्दु | | | |
| १ | शुक्लागण्डकी ५ | दुन्दुरेघाट/ बायाँ किनारा र बिचको भाग समेत | 28° 1'33.19"N 84° 4'44.82"E | 28° 1'51.60"N 84° 4'35.33"E | ४४८८० | ३१४२० | ढुंगा, ग्रावेल, बालुवा |
| २ | शुक्लागण्डकी ८ | किमलडाँडा तल्लो /दाँया | 28° 1'30.19"N 84° 4'42.12"E | 28° 1'35.22"N 84° 4'39.32"E | ७५०७ | ५२५५ | ढुंगा, ग्रावेल, बालुवा |

नगर प्रमुख

Scanned with CamScanner